# भाग ४

श्री ५ को सरकार

## मन्त्रिपरिषद् सचिवालयको सूचना

उद्योग मन्त्रालयका का. मु. सचिव श्री पुण्यप्रसाद दाहाल एशियाली उत्पादकत्व संगठन जापानको संयोजकत्वमा श्रीलंकाको राजधानी कोलम्बोमा आयोजना हुन लागेको Role of Government in Promoting Productivity विषयको High Level Workshop मा भाग लिन त्यसतर्फ जानु भएको हुँदा उहाँ हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०५० को नियम ४३ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका सह-सचिव श्री विमलप्रसाद कोइरालालाई मिति २०५०-४-३१ देखि कायम मुकायम मुकरर गरेको छ।

आज्ञाले,
बलरामसिंह मल्ल
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

## राष्ट्रिय योजना आयोगको सचिवालयको सूचना

श्री ५ को सरकारको मिति २०५०।३।१४ को निर्णयानुसार मिति २०५०।४।१ देखि लागू हुने गरी केन्द्रीय तथ्याङ्क विभाग अन्तर्गतका पाँच विकास क्षेत्रमा रहेका क्षेत्रीय तथ्याङ्क कार्यालयहरू खारेज गरी अधिराज्यका पचहत्तरै जिल्लाहरू[illegible] समूहीकृत गरी निम्न बमोजिम जिल्लाहरूमा ३३ शाखा तथ्याङ्क कार्यालयहरू स्थापना गरेको छ।

| क्र. सं. | समूहीकृत भएका जिल्लाको नाम | कार्यालय रहने जिल्लाको नाम |
|---|---|---|
| १. | ईलाम, पाँचथर, ताप्लेजुङ्ग | पाँचथर |
| २. | झापा, मोरङ | मोरङ |
| ३. | भोजपुर, संखुवासभा | भोजपुर |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२६० 

मुद्रण विभाग, सिंहदरबार

| | | |
|---|---|---|
| ४. | धनकुटा, तेन्हथुम | धनकुटा |
| ५. | ओखलढुङ्गा, सोलुखुम्बु | ओखलढुङ्गा |
| ६. | उदयपुर, खोटाङ | उदयपुर |
| ७. | सुनसरी, सप्तरी | सुनसरी |
| ८. | धनुषा, सिरहा | धनुषा |
| ९. | महोत्तरी, सर्लाही | महोत्तरी |
| १०. | सिन्धुली, रामेछाप | सिन्धुली |
| ११. | काभ्रे, सिन्धुपाल्चोक, दोलखा | काभ्रे |
| १२. | पर्सा, बारा, रौतहट | पर्सा |
| १३. | चितवन, नवलपरासी | चितवन |
| १४. | नुवाकोट, रसुवा | नुवाकोट |
| १५. | गोर्खा, लमजुङ, मनाङ | गोर्खा |
| १६. | काठमाडौ, ललितपुर, भक्तपुर | काठमाडौ |
| १७. | मकवानपुर, धादिङ | मकवानपुर |
| १८. | कास्की, तनहुँ | कास्की |
| १९. | स्याङ्जा, पर्वत | स्याङ्जा |
| २०. | बागलुङ, म्याग्दी, मुस्ताङ | बागलुङ |
| २१. | कपिलवस्तु, रूपन्देही, अर्घाखाँची | कपिलवस्तु |
| २२. | दाङ, सल्यान | दाङ |
| २३. | पाल्पा, गुल्मी | पाल्पा |
| २४. | बाँके, बर्दिया | बाँके |
| २५. | कन्चनपुर, कैलाली | कन्चनपुर |
| २६. | प्यूठान, रोल्पा | प्यूठान |
| २७. | रूकुम, जाजरकोट | रूकुम |
| २८. | सुर्खेत, दैलेख, कालिकोट | सुर्खेत |
| २९. | डोटी, अछाम | डोटी |
| ३०. | डडेलधुरा, बैतडी | डडेलधुरा |
| ३१. | जुम्ला, मुगु, डोल्पा | जुम्ला |
| ३२. | बाजुरा, हुम्ला | बाजुरा |
| ३३. | दार्चुला, बझाङ | दार्चुला |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।